श्री

# सर्वोच्च अदालत

(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

सर्वोच्च अदालत काठमाडौं

रामशाहपथ, काठमाडौं
४२००७२९, ४२००७२८
फ्याक्स: ४२००७४९
पो.ब.नं.: २०४३८
Email: admin@supremecourt.gov.np
Website: www.supremecourt.gov.np

पत्र संख्या

प्राप्त पत्र संख्या र मिति :

च.नं.: २१६१

मितिः २०७५।११।२९

विषयः निर्देशन पठाईएको सम्बन्धमा।

श्री माननीय मुख्य न्यायाधीशज्यूहरु,
उच्च अदालत सबै।

उपरोक्त सम्बन्धमा सम्माननीय प्रधान न्यायाधीशज्यूबाट न्याय प्रशासन ऐन, २०७३ को दफा ३५(१) बमोजिम उच्च अदालतका माननीय मुख्य न्यायाधीशज्यूहरुलाई दिनुभएको निर्देशन यसैसाथ संलग्न छ। उक्त निर्देशन कार्यान्वयन गर्नुहुन र मातहतका अदालतहरुमा समेत निर्देशन उपलब्ध गराई सो को कार्यान्वयनको अनुगमन गर्नुहुन निर्देशानुसार अनुरोध गर्दछु।

२०७५।११।२९

नारायणप्रसाद रेग्मी
सह-रजिस्ट्रार

बोधार्थः

श्री अनुगमन तथा निरीक्षण महाशाखा,
सर्वोच्च अदालतः उल्लेखित निर्देशनको परिपालन भए नभएको सम्बन्धमा नियमित रुपमा अनुगमनको व्यवस्था हुनका लागि निर्देशानुसार अनुरोध छ।

प्रधान न्यायाधीश

सर्वोच्च अदालत
काठमाडौं, नेपाल

मितिः २०७५।११।२८

मानननीय मुख्य न्यायाधीश,
श्री उच्च अदालत सबै।

सर्वप्रथम, मुख्य न्यायाधीशको हैसियतमा यहाँले निर्वाह गर्दै आउनु भएको नेतृत्वदायी भुमिका र न्यायपालिकाले आत्मसात् गरेका सुधार प्रक्रियामा पुऱ्याईरहनु भएको योगदानका लागि हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा अझबढी सक्रियताकासाथ क्रियाशील रहनु हुनेछ भन्ने अपेक्षा समेत गरेको छु।

नेपालको संविधानले संघीयतामा आधारित लोकतान्त्रिक शासन पद्धति एवम् विधिको शासनलाई व्यवहारमा रुपान्तरण गर्ने गहन दायित्व र जिम्मेवारी न्यायपालिकालाई सुम्पेको छ। संविधान र कानूनको सर्वोच्चता एवम् सर्वोपरितालाई आत्मसात् गर्दै नागरिकका हक अधिकारहरू प्रचलन गराउने र कानूनको शासनमार्फत लोकतन्त्रका लाभहरूको अनुभूति सबैले गर्न पाउने अवस्थाको सुनिश्चितताका लागि न्यायपालिका थप प्रभावकारी बन्नुपर्ने अवस्था छ। न्यायपालिकाको स्वतन्त्रता र स्वायत्ततासम्बन्धी मूल्य मान्यताहरुलाई आत्मसात् गर्दै संविधान एवम् कानूनले न्यायपालिकाप्रति राखेको स्वच्छ, निष्पक्ष, छिटोछरितो, गुणस्तरीय र प्रभावकारी न्याय सम्पादनको अपेक्षा पूरा गर्न हामी सबैले उच्चस्तरको लगन, मेहनत, क्षमता, इमान्दारिता र जवाफदेहिताका साथ कार्य गर्नुपर्ने आवश्यकता छ।

राज्यका अन्य निकायहरु जस्तै न्यायपालिकाप्रति पनि आमनागरिकका स्वाभाविक अपेक्षाहरू रहेका छन्। ती अपेक्षाहरु पूरा गर्न र न्यायपालिकाका काम कारवाहीहरुका सम्बन्धमा समय समयमा उठ्ने गरेका चासो, सरोकार र टिप्पणीहरुको सम्वोधनका लागि जिम्मेवार र उत्तरदायित्वबोधकासाथ क्रियाशील हुनुपर्ने अवस्था छ। त्यसका साथै, न्यायपालिकाप्रतिको आस्था अभिवृद्धि गर्न र यसको साख कायम गर्न थप संवेदनशीलताका साथ आफ्नो भुमिका निर्वाह गर्नुपर्ने आवश्यकता छ। यहाँहरु नै आ-आफ्नो तहमा जिम्मेवार र नेतृत्वदायी भुमिकामा हुनुहुन्छ। यसलाई आत्मवोध गर्दै न्याय सम्पादन र न्यायिक सुधारको प्रकृयामा आफूलाई समाहित गर्नु हुनेछ भन्ने आशाका साथ न्याय प्रशासन ऐन, २०७३ को दफा ३५(१) बमोजिम देहाय अनुरुपको व्यवस्थापन गर्न गराउनु हुन यहाँहरुको विशेष ध्यानाकर्षण गराउन चाहन्छु।

**१. रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन सम्बन्धमाः**

न्यायपालिकाको तेस्रो पञ्चवर्षीय योजना कार्यान्वयनको अन्तिम वर्षमा रहेको छ। योजनाले लिएका समग्र लक्ष्यहरु हासिल गर्न यस आर्थिक वर्षमा थप प्रयास गर्नुपर्ने अवस्था रहेकोले मुद्दा फछ्र्यौट, फैसला कार्यान्वयन लगायत अन्य व्यवस्थापकीय कार्यहरुतर्फ तोकिएको मापदण्ड अनुरुप आफ्नो र मातहत अदालतहरुको लक्ष्य हासिल गर्न अझबढी हौसला, प्रतिवद्धता, समन्वय र स्वामित्वबोधकासाथ क्रियाशील रहनु होला।

सर्म्पक नं. : +९७७-१-४२००७००, +९७७-१-४२००७०८, रामशाहपथ, काठमाडौं,पोष्ट बक्स नं. : २०४३८,

२. **सेवाप्रवाहमा प्रभावकारिता र सेवाग्राहीहरुको सुविधा सम्बन्धमाः**

अदालतहरुबाट सेवाग्राहीलाई दिईने सेवा र सुविधाका सम्बन्धमा कतिपय अवस्थामा अझैपनि गुनासाहरु सुनिने गरेको छ । सानातिना कामका लागि अदालतमा सेवाग्राहीहरुले लामो समय अलमलिनु नपर्ने गरी मुद्दाका पक्षहरूलाई तारेख वा पेशी दिने, वारेसनामा/सकारनामा लिने, तारेख थाम्नेलगायतका व्यवस्थापकीय कार्यहरू सकेसम्म १ घण्टाभित्रै गर्ने गरी विगतदेखि अवलम्वन गरिदै आएको व्यवस्थापन पद्धतिलाई थप प्रभावकारी बनाई सोअनुरूप कार्य भए नभएको सम्बन्धमा नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनु होला।

न्यायिक जनशक्तिलाई सेवाग्राही मैत्री व्यवहार गर्न उत्प्रेरित गर्ने र सेवाग्राही मैत्री व्यवहार भए नभएको तथा सेवाग्राहीहरुको सन्तुष्टिको बारेमा नियमित अनुगमनको व्यवस्था गर्नुका साथै कर्मचारीहरुको नियमितता, कार्यसम्पादन लगायत जनशक्ति व्यवस्थापनलाई नियमित, व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक कार्य गर्नु गराउनु होला।

३. **सूचना, परामर्श तथा सहयोग सम्बन्धमाः**

अदालतमा मुद्दाका पक्षहरुलाई आवश्यक पर्ने सहयोग गर्न, आवश्यक सूचना दिन र सहजीकरण गर्न अदालत परिसरमा पक्षहरुको सहयोगका लागि कर्मचारी तोकी सोधपुछ तथा सहायता उपलव्ध गराउने व्यवस्था मिलाउनु होला। मुद्दाको पक्षका रुपमा रहेका वालक, वृद्ध, अपाङ्ग, असहायलाई सेवा दिने विशेष व्यवस्था मिलाउनुका अतिरिक्त अदालतको सूचना कक्षबाट दिइने सेवालाई नियमित र प्रभावकारी बनाउन आवश्यक व्यवस्था गर्नुहोला। साथै, अदालतहरुमा सेवाग्राहीको जानकारीका लागि संहिता कानूनहरु समेतको व्यवस्थाका आधारमा परिमार्जित रुपमा नागरिक वडापत्र राख्ने व्यवस्था गर्नु गराउनु होला।

४. **कानूनी सहायता र वैतनिक कानून व्यवसायीको सेवाको प्रभावकारिता सम्बन्धमाः**

विभिन्न आर्थिक, सामाजिक, भौगोलिक अवस्था र वर्गका नागरिकहरु खासगरी महिला, असहाय, असमर्थ तथा पिछडिएका वर्गको न्यायमा सहज पहुंचका लागि अदालतबाट प्रदान गर्ने सेवा, वैतनिक कानून व्यवसायीको सेवाको प्रभावकारी व्यवस्था लगायत स्थानीय रुपमा अन्य उपयुक्त उपायहरुको अवलम्वन गर्नु होला।

५. **न्यायिक सुशासन सम्बन्धमाः**

अदालतमा विचौलियाको कारण सिर्जना हुनसक्ने समस्या र विचलन रोक्न त्यस्ता व्यक्तिहरूको पहिचान गरी अदालतमा प्रवेश रोक लगाउने सम्बन्धमा प्रभावकारीरुपमा कार्य गर्नु गराउनु होला। न्यायिक काम कारवाहीहरुको अनुगमन र नियमनलाई प्रभावकारी बनाई न्यायिक सुशासनको

अभिवृद्धिमा विशेष जोड दिनु होला। यसका लागि माननीय मुख्य न्यायाधीशले आफ्नो र मातहत अदालतका न्यायाधीश र कर्मचारीहरुले आचरण, अनुशासनको पालना गरे नगरेको तथा न्यायिक काम कारवाहीमा अनियमितता भए नभएको विषयमा निरन्तर अनुगमन, मूल्यांकन र निगरानी गरी आचरण र अनुशासनको पालना नगरेको वा अनियमितता वा विचलनजन्य कार्य गरेको पाइएमा आफूले कारवाही गर्नसक्ने हदसम्म आवश्यक कारवाही गरी सोको जानकारी गराउने र अन्यको हकमा सिफारिशसहित प्रतिवेदन गर्नु होला।

**७. अदालतको समय व्यवस्थापन सम्बन्धमाः**

मुद्दाको कजलिष्ट समयमा प्रकाशन गर्ने, कजलिष्ट प्रकाशन नभएकोमा सोको कारण सूचना प्रविधिमा अनिवार्य रुपमा जनाउने, समयमा इजलास बस्ने व्यवस्था गर्ने र इजलासमा पेश भएका मुद्दाको फैसला वा आदेशको यथार्थ अवस्था समयमै जनाउने व्यवस्था गर्नुहोला।

**८. फैसला कार्यान्वयनको प्रभावकारिता सम्बन्धमाः**

फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन चालू आर्थिक वर्षलाई फैसला कार्यान्वयन वर्षको रुपमा लागू गरिएको सन्दर्भमा फैसला कार्यान्वयनलाई विशेष अभियानका रुपमा सञ्चालन गरी दण्ड जरिवाना असूली र जिन्सी व्यवस्थापनका लागि विशेष पहल र समन्वय गर्नु गराउनु होला।

**९. न्यायाधीशको अवकास व्यवस्थापन सम्बन्धमाः**

उमेरहदका कारणबाट अवकास हुने कुनै पनि न्यायाधीशलाई संविधान र कानूनले अवकास प्राप्त गर्ने अन्तिम अवधिसम्म इजलासमा बसी मुद्दाको सुनुवाई र फैसला गर्न कुनै किसिमको वन्देज लगाएको छैन। तथापि, अवकास हुने अन्तिम दिनसम्म न्यायाधीशले इजलासमा बसी मुद्दाको नियमित सुनुवाई र फैसला गर्ने कार्य गर्नुभन्दा आफूले गरेका फैसला वा आदेशहरु तयार गर्ने र अवकासको तयारी तथा व्यवस्थापनसंग सम्बन्धित अन्य कार्य गर्नु बढी व्यवहारिक र उपयुक्त हुन्छ। यसप्रकारको व्यवस्थापनले मुद्दाका पक्षहरुले समयमा फैसला वा आदेश प्राप्त गर्ने र न्यायाधीश अवकास हुँदा कै अवस्थामा न्यायिक काम कारवाहीको दायित्वबाट समेत अलग हुन पाउने अवस्था सिर्जना हुन्छ।

न्याय परिषद् ऐन, २०७३ को दफा ३१ को उपदफा (१) मा कुनै पनि न्यायाधीशले उमेरको कारण अवकास प्राप्त गर्ने विषयको जानकारी परिषद्बाट अग्रिम रुपमा गराउनुपर्ने व्यवस्था रहेको छ। यस व्यवस्थाको आशय अनुरुप न्यायाधीशले उमेरहदका कारण अवकास प्राप्त गर्दा न्यायाधीशको अवकासको तयारी र तत्सम्बन्धी काम कारवाहीको उपयुक्त एवम् आवश्यक ढंगको व्यवस्थापन गर्न सकिने नै हुन्छ। त्यसैगरी, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन ऐन,

प्रधान न्यायाधीश

२०७४ को दफा ८ मा मुद्दामा कानून बमोजिम कसूरदार ठहर भई सकेपछि सजाय निर्धारण गर्नुपर्ने र कसूर ठहर भएको ३० दिनभित्र सजाय निर्धारण गरिसक्नु पर्ने व्यवस्था गरिएको, ऐ ऐनको दफा ९ मा सजाय निर्धारण गर्न छुट्टै सुनुवाई गर्नुपर्ने र न्यायाधीशको मृत्यु भएको, अवकास भएको वा निजलाई कडा रोग लागी कार्यसम्पादन गर्न नसक्ने भएकोमा बाहेक अन्य जुनसुकै अवस्थामा निजले नै सुनुवाई गरी सजाय निर्धारण गर्ने व्यवस्था समेतलाई दृष्टिगत गर्दा सामान्यतः कसूरदार ठहर गर्ने न्यायाधीशबाटै सजायको निर्धारण हुनुपर्ने हुन्छ। उमेर हद्का कारण न्यायाधीशले अवकास प्राप्त गर्ने विषय स्वभाविक अनुमान र व्यवस्थापन गर्न सकिने विषय भएकोले मुद्दामा कसूरदार ठहर गर्ने न्यायाधीशबाटै निजको अवकास हुनुपूर्व सजायको निर्धारण समेत गर्न सकिने गरी व्यवस्थापन गर्नु उपयुक्त हुन्छ।

प्रस्तुत सन्दर्भमा, न्यायाधीशको अवकासको तयारी, अवकासपछि फैसला लेखनलगायत मुद्दासम्बन्धी कामको दायित्व नरहने अवस्थाको सिर्जना तथा अन्य व्यवस्थापकीय पक्षको सहजता समेतको दृष्टिकोणबाट न्यायाधीश अनिवार्य अवकास हुने मितिभन्दा सामान्यतया एक महिना अगाडिदेखि मुद्दाको नियमित सुनुवाई गर्ने कार्यबाट अलग रहने गरी तहाँ र मातहत अदालतहरुमा समेत आवश्यक व्यवस्थापन गर्नुहोला।

**१०. सूचना प्रविधिको प्रभावकारी प्रयोग सम्बन्धमाः**

सूचना प्रविधिलाई न्याय सम्पादनको कार्यमा प्रभावकारिता ल्याउने र मुद्दाका पक्ष एवम् सेवाग्राहीहरुले त्यसको प्रत्यक्ष लाभ लिनसक्ने गरी व्यवस्था गर्नु गराउनु होला। साथै, सर्वोच्च अदालतले तहगत अदालतहरुका लागि तयार गरेका विभिन्न सफ्टवेयरहरुको प्रयोगमा विशेष जोड दिनुहोला। मातहतका अदालतहरुलाई समेत त्यसका लागि आवश्यक निर्देशन, समन्वय लगायतका कार्य गर्नु गराउनु होला ।

**११. सामाजिक सञ्जालको प्रयोगमा अनुशासन कायम गर्ने सम्बन्धमाः**

न्यायाधीश तथा कर्मचारीहरुले सामाजिक सञ्जालहरुमा अदालतका काम कारवाही वा अन्य विषयहरु राख्दा त्यसबाट न्यायपालिकाको शाख, न्यायपालिकाप्रतिको आस्था तथा न्याय सम्पादनमा पर्ने प्रभावको बारेमा ध्यान दिनु जरुरी छ। साथै, यो विषय न्यायाधीश तथा कर्मचारीको आचार संहिता र अनुशासनसंग समेत सम्बन्धित रहेको हुँदा यसमा थप गम्भीरता र संवेदनीलता रहनु आवश्यक रहेको सन्दर्भमा त्यसप्रकारका काम कारवाहीहरुको अनुगमन, नियमन गर्नु गराउनु होला।

चोलेन्द्र शमशेर ज.बे.रा

प्रधान न्यायाधीश